परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily — राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २७ पृष्ठ ४ २०८२ मंसिर ०२ गते, मंगलबार 18 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# उत्कृष्ट करदातामा भण्डारीको पहिचान



टक नेपाल

बर्दिबासका सफल व्यवसायी कुमार भण्डारीलाई उत्कृष्ट करदाता सम्मान प्राप्त भएको छ । बर्दिबास-१ का बासिन्दा भण्डारीलाई आन्तरिक राजश्व कार्यालय बर्दिबास (महोत्तरी) ले आफ्नो कार्यक्षेत्रका उत्कृष्ट करदाता सम्मान प्रदान गरेको हो ।

आर्थिक वर्ष २०८१/०८२ का उत्कृष्ट करदातालाई आज सोमबार १४ औं राष्ट्रिय कर दिवसका अवसरमा सम्मानित गरिएको हो । भण्डारीलाई आन्तरिक राजश्व कार्यालय बर्दिबास (महोत्तरी)का कार्यालय प्रमुख अमित पौडेलले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभएको हो ।

सम्मानित भण्डारी बर्दिबासमा गणेश ट्रान्सपोर्ट, रक्षा ट्रेडर्स र भण्डारी सप्लायर्ससहितका कम्पनीका सञ्चालक हुनुहुन्छ । भण्डारीले गत आर्थिक वर्ष २०८१/०८२ मा ७६ लाख ५५ हजार आयकर बुझाउनु भएको कार्यालयको अभिलेखले जनाएको छ। भण्डारी कार्यालयको कार्यक्षेत्रका सबैभन्दा बढी कर दाखिला गर्ने व्यवसायी बन्नु भएको छ। भण्डारीले सञ्चालन गर्नुभएका कम्पनीहरुमा ५० भन्दा बढीले रोजगारी पाएका छन् ।

बर्दिबासमा नयाँ पुस्ताबीच लोकप्रिय रहेका भण्डारी सामाजिक गतिविधिमा सकृय रहँदै आउनु भएको छ । भण्डारी हाल बर्दिबास हेल्प फाउण्डेशन सामाजिक संस्थाको अध्यक्षसमेत हुनुहुन्छ । यो फाउण्डेशनले बर्दिबास नगरक्षेत्रका गरिब परिवारका ३३ जना छात्रछात्रालाई उच्च शिक्षाका लागि छात्रवृति प्रदान गरेको छ । आपदविपदमा सधैं अग्रपङ्तिमा उभिएर सेवाभावले समर्पित रहने भण्डारीलाई बर्दिबासका युवा राजनीतिक जिम्मेवारीमा आउन दवाव बढाइ रहेका देखिन्छन् ।

धनुषाको

# कल्चरल भिलेजमा सर्प महोत्सव



टक नेपाल

धनुषाको मिथिला बिहारी नगरपालिका-२ कल्चरल भिलेजमा तेस्रो संस्करणको सर्प महोत्सव सुरु भएको छ । मिथिला वाइल्ड लाइफ ट्रस्ट र सेभ द लाइभ्सको संयुक्त आयोजनामा महोत्सव सुरु भएको हो ।

'सर्पको महत्त्व बुझौँ, सहअस्तित्वलाई सम्मान गरौँ, संरक्षणमार्फत भविष्य सुरक्षित गरौँ' भन्ने मूल नारासहित सुरु भएको महोत्सव सर्प र मानवबिचको सहअस्तित्व, जैविक विविधता संरक्षण, र पर्यावरणीय सन्तुलनमा सर्पको भूमिकामा केन्द्रित हुने जनाइएको छ ।

आयोजक संस्थाका अध्यक्ष देवनारायण मण्डलले सर्पको महत्वबारे नागरिकमा चेतना फैलाउने उद्देश्यले महोत्सव आयोजना गरिएको बताए ।

उनले भने- 'सर्पलाई अझै पनि अन्धविश्वास र डरको प्रतिकका रूपमा हेरिन्छ । तर, यो वातावरण सन्तुलन कायम राख्ने अभिन्न जीव हो, केवल डस्ने मात्र होइन ।'

महोत्सवमा सर्पको जीवनचक्र, विषका प्रकार, सर्पदंश पछिको उपचार प्रक्रिया र उद्धारसम्बन्धी व्यावहारिक जानकारी दिने व्यवस्था गरिएको छ । साथै, सर्प संरक्षणसम्बन्धी चित्र प्रदर्शनी र जीवित सर्प प्रदर्शनीमार्फत सहभागीहरूलाई प्रत्यक्ष अवलोकन र सिकाइको अवसर प्रदान गरिएको छ ।

अध्यक्ष मण्डलले महोत्सवको उद्देश्यबारे थप जानकारी दिँदै भने- 'सर्प र मानवबिच द्वन्द्व न्यूनीकरण गर्दै यसको पर्यावरणीय, चिकित्सकीय, धार्मिक तथा सांस्कृतिक महत्त्व उजागर गर्नु महोत्सवको मुख्य लक्ष्य हो ।'

स्थानीय नागरिक र पर्यावरणविद्हरूले यस महोत्सवको सराहना गर्दै सर्प संरक्षण र जैविक विविधता संरक्षणमा जनचेतना फैलाउने माध्यमको रूपमा यसलाई लिएका छन् ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

औरही नगरपालिका
महोत्तरी, मधेश प्रदेश

vianet
अब सबै connected

विवाहको लागि भाडामा क्यामरा चाहिएमा....
9814237408



AR Photo
Studio-Bardibas
बर्दिबास नगरपालिका-१, ईलाका प्रशासन कार्यालयको छेउमा
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### व्यक्तितन्त्र विरुद्ध उन्नत लोकतन्त्रको धार

लोकतन्त्रको मेरुदण्ड राजनीतिक दलहरू हुन्, तर दलले जनता पहिचान गर्ने क्षमतामा कमजोरी देखापर्दा लोकतान्त्रिक संरचनामा विचलन उत्पन्न हुन्छ। दलले जनताका धरातलीय यथार्थ बुझेर नीतिगत निर्णय निर्माण गर्नुपर्छ, तर व्यक्तिकेन्द्रित संस्कृतिले दलहरूको वैचारिक क्षमता कमजोर बनाइरहेको छ। आन्तरिक लोकतन्त्र कमजोर हुँदा दलहरू केही व्यक्तिको चङ्गुलमा जकडिन पुग्छन्, जसको असर राज्यका सम्पूर्ण संयन्त्रमा देखिन्छ।

आजको जेनजी पुस्ताले व्यक्तितन्त्र, भ्रष्टाचार, बेरोजगारी र जीवनयापनको असमानताको विरुद्ध विद्रोह गरेर स्पष्ट सन्देश दिएको छ–अब दलले इतिहासका गौरवमयी प्रसङ्ग होइन, समसामयिक कार्यसम्पादनका आधारमा जनतामा विश्वसनीयता कायम गर्नुपर्छ।

दलले 'को' मा होइन, 'के, कसरी र किन' भन्ने प्रश्नमा आधारित नीति निर्माण गर्न सके मात्र रूपान्तरणमुखी राजनीतिक संस्कृतिको विकास हुन्छ। शिक्षा, स्वास्थ्य र समान अवसरलाई राज्यले नैसर्गिक अधिकारका रूपमा सुनिश्चित नगरेसम्म लोकतन्त्रको अनुभूति जनताले पाउँदैनन्।

अब आवश्यक छ–दलभित्र नीतिमुखी आन्तरिक लोकतन्त्र, पारदर्शिता, युवा सहभागिता र मेरिटक्रेसी। यिनै आधारहरूले उन्नत लोकतन्त्रको धारलाई सुदृढ बनाउँदै नागरिकलाई आत्मनिर्णयको शक्ति प्रदान गने छन्। लोकतन्त्र व्यक्ति होइन, प्रणालीबाट चल्ने हो भन्ने यथार्थ आत्मसात् गर्ने समय यही हो।

# बिहारको बुलन्द नतिजाले मधेशमा थप्यो दबाब : जसपा सचिव साह

● टक नेपाल



जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सचिव तथा मधेश प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्रप्रसाद साहले भारतको बिहार प्रदेशमा सम्पन्न विधानसभा चुनाव २०२५ को नतिजाले प्रत्यक्ष-अप्रत्यक्ष असर नेपालको तराई-मधेश क्षेत्रमा पनि गहिरो रूपमा देखिने सम्भावना रहेको बताउनुभएको छ।

भौगोलिक नजिकपन, सांस्कृतिक समानता, भाषिक एकरूपता र दैनिक सामाजिक अन्तरक्रियाका कारण बिहार र मधेशबिचको सम्बन्ध सामान्य छिमेकी सम्बन्धभन्दा धेरै गहिरो रहेको उहाँले बताउनु भएको छ।

उहाँले सोमबार आफ्नो धारणा सार्वजनिक गर्दै बिहारको राजनीतिको परिवर्तनले मधेशी समाजमा मनोवैज्ञानिक, सामाजिक र राजनीतिक तीनै तहमा प्रभाव पार्ने उल्लेख गर्दै साहले बिहारको ताजा नतिजाले मधेशका मतदाताको राजनीतिक सोच, एजेन्डा छनोट र नेतृत्व मूल्याङ्कनमा प्रत्यक्ष असर पार्ने विश्लेषण गर्नुभएको छ। ताजा निर्वाचनमा भारतीय जनता पार्टी (बीजेपी) ले ८९ र जनता दल (युनाइटेड) ले ८५ सीट जितेर एनडीए गठबन्धनले कुल २०२ सीटसहित बुलन्द बहुमत प्राप्त गरेको छ।

यसैबिच राष्ट्रिय जनता दल २५ र कांग्रेस छ सिटमै सीमित भएपछि तेजस्वी यादव नेतृत्वको आरजेडीको प्रभाव उल्लेख्य रूपमा घटेको देखिन्छ, जसले बिहारको सामाजिक-राजनीतिक समीकरण नै परिवर्तन भइरहेको सङ्केत गरेको उहाँले बताउनुभयो। साहका अनुसार बिहारमा उठेका मुद्दाहरू जस्तै, विकास, रोजगारी, आरक्षण, शिक्षा र सुशासन–अब नेपाल मधेशमा पनि राजनीतिक प्राथमिकताका रूपमा प्रतिध्वनित हुन्छन्। बिहारी बहस, प्रचारशैली र नेतृत्व प्रस्तुतिले मधेशका मतदातालाई पनि मुद्दामुखीतर्फ प्रेरित गर्ने र सीमापार लोकप्रिय नेताहरूले मधेशका युवामा नेतृत्व-तुलनाको मनोविज्ञान उत्पन्न गर्ने उहाँले धारणा व्यक्त गर्नु भएको छ।

पूर्वमन्त्री साहले बिहारको यो नतिजाले मधेश-केन्द्रित दलहरूलाई स्पष्ट राजनीतिक सन्देश दिएको जनाउँदै, विखण्डन होइन सहकार्य नै भावी राजनीति सञ्चालनको मुख्य आधार बन्नुपर्ने बताउनु भएको छ। बिहारमा कुनै पनि दल एक्लै बहुमतसम्म नपुगेका कारण गठबन्धनकै माध्यमबाट शक्ति गठन सम्भव बनेको छ, जुन सन्दर्भ मधेशका दलहरूका लागि पनि समान रूपमा लागू हुने उहाँले बताउनुभयो। पहिचान-केन्द्रित राजनीति अब पर्याप्त नबनेको उल्लेख गर्दै साहले पहिचानसँगै विकास-एजेन्डालाई जोड्नैपर्ने आवश्यकता मधेशमा तीव्र रूपमा बढेको उहाँले बिहारका मतदाताले विकास, शिक्षा, स्वास्थ्य र रोजगारीलाई मुख्य प्राथमिकतामा राखेको देखिँदा मधेशमा पनि समान मनोविज्ञान विकसित भइरहेको निष्कर्ष बताउनुभयो।

साहले बिहारको परम्परागत यादव-मुस्लिम समीकरण कमजोर भएको विषयलाई विशेष रूपमा महत्वपूर्ण मान्दै यसले मधेश राजनीतिमा पनि दीर्घकालीन प्रभाव पार्ने बताउँदै बिहारमा दशकौँसम्म निर्णायक भूमिका खेलेको जातीय गोलबन्दी यसपटक कमजोर हुँदै गएको छ, जसका कारण यादव समुदायभित्र विभाजन देखियो, मुस्लिम मतदाताको प्राथमिकता विविधीकरण भयो र दलित-पिछडिएको वर्ग विकासमुखी दलतर्फ सर्ने प्रक्रिया तीव्र भएको विश्लेषण गर्नुभएको छ।

यही प्रवृत्ति नेपालको मधेशमा पनि देखिन थालेको उहाँले उल्लेख गर्दै मधेशमा विभिन्न जातजातिका मतदाताले परम्परागत समर्थन-रेखालाई भन्दा विकास, रोजगारी र सुशासनलाई प्राथमिकता दिन थालेपछि जात-केन्द्रित राजनीति सीमित हुन थालेको सङ्केत स्पष्ट रूपमा देखा परेको दाबी गर्नु भएको छ। यस्तै, पहिचान-मात्रको एजेन्डाले अब पर्याप्त प्रभाव जमाउन नसक्ने भएकाले मधेशका दलहरूले बहुवर्गीय र बहु-समुदायिक गठबन्धन निर्माण नगरी दीर्घकालीन प्रतिनिधित्व सुनिश्चित गर्न कठिन हुने उहाँको भनाइ छ।

साहका अनुसार बिहारमा जस्तै मधेशमा पनि मुस्लिम समुदायको राजनीतिक प्राथमिकता बदलिँदै गएको छ। भावनात्मक मुद्दाभन्दा सुरक्षा, शिक्षा, समान अवसर, अधिकार र आर्थिक प्रगतिलाई ध्यानमा राखेर राजनीतिक समर्थन निर्धारण गर्ने प्रवृत्ति तीव्र बन्दै गएको छ। नेपाल-मधेशका मुस्लिम समुदायले अब बढी जिम्मेवार, समावेशी र संस्थागत राजनीतिक एजेन्डा अपेक्षा गर्न थालेको साहले बताउनुभयो।

उहाँले बिहारको चुनावी परिणामले नेपाल मधेशका लागि पहिलो गठबन्धन राजनीतिको आवश्यकता र दोस्रो, पहिचान र विकासबिच सन्तुलन कायम गरी दुई गहिरा सन्देश दिएको निष्कर्ष निकाल्नुभएको छ।

डिभिजन वन कार्यालयको अनुरोध

- रुख रोपौं, वन जोगाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरूमा वृक्षरोपण गरौं, जलवायु परिवर्तनको असर न्यूनीकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुर्‍याऔं ।
- प्लाष्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं, प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुर्‍याऔं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक बिरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन वन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४






# एनपीएलमा 'बेटिङ' आतंक रोक्न के छ तयारी ?

● टक नेपाल

साढे दुई वर्षअघि अनलाइन बेटिङ प्लेटफर्मको विज्ञापन तथा प्रचारप्रसार गरेको आरोपमा कलाकारको एउटा समूह समातियो । त्यतिबेला चर्चित कलाकारहरु राजु पौडेल (राजु मास्टर) र मरिचमान श्रेष्ठ 'बल्छी धुर्बे' पवन खड्का (म्याकुरी) प्र्यांकस्टार एलिश राईसहितका व्यक्ति समातिएका थिए । यो अपरेशन काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका तत्कालीन एसएसपी (हाल एआईजीपी) डा. मनोज केसीले गरे ।

त्यतिबेला डा. केसीले उनीहरुले युट्युबमार्फत वानएक्स बेट एपको प्रचारप्रसार गरेर बेटिङ गर्न सर्वसाधारणलाई उक्साएको बताएका थिए । अझ प्रसार-प्रसारमा के सम्म भनिएको थियो भने- 'युट्युबमा प्रोमो कोड प्रयोग गरी वानएक्स बेटिङमा छुट प्राप्त गर्न सकिने ।'

३२ जेठ २०८० मा पक्राउ परेका उनीहरु केही समयको हिरासत बसाईपछि सामान्य धरौटीमा छुटे । कलाकारहरुले त्यतिबेला यसरी प्रचारप्रसार गर्न नहुनेबारे थाहा नभएको प्रहरीसमक्ष बताएका थिए ।

ठ्याक्कै कलाकारकै शैलीमा यस्तै प्रकृतिको बेटिङ प्रचारप्रसार क्रिकेटमा पनि भयो । पहिलो चरणको नेपाल प्रिमियर लिग (एनपीएल)मा यस्तै शैलीको बेटिङ प्रचारप्रसार भयो । नेपालको मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा जुवा खेल्न वा सट्टाबाजी गर्नु नहुने व्यवस्था छ ।

तर यस विपरीत स्पोन्सरको नाममा बेटिङको प्रचारप्रसार एनपीएलमा ब्यापक भयो । कतिसम्म भने खेलाडीले लगाएका जर्सीदेखि ग्राउण्डमा राखिएका बोर्डसम्म बेटिङको प्रचारप्रसार भयो । खेलाडीको जर्सीमा बाबु ८८, बिजे ८८ लगायत बेटिङको प्रचारप्रसार गरिएको थियो । आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले स्वीकृतिमा 'वुल्भ ७७७' बेटिङको प्रचारप्रसार भयो ।

तर यसरी प्रचारप्रसार गरेको आरोपमा कोही पनि कानुनी दायरामा आएनन् । उनीहरु कानुनी दायरामा नआउनुको पछाडि भने कुनै गतिलो जवाफ सम्बन्धित निकायले दिएका छन् । स्पोन्सर गर्ने कम्पनीहरुले नेपाल बाहिरलाई लक्षित गरेर विज्ञापन गरेको भन्दै पन्छिने किसिमको जवाफ दिँदै आएका छन् ।त्यतिबेला बेटिङको प्रचार-प्रसार बारेमा कुरा उठे पनि सामान्य चासो राख्नुबाहेक केही कारबाही हुन सकेन । अहिले यस्तो कानुन विपरीत गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याउने केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का प्रमुख उनै केसी छन् ।

उनै केसीले यसअघि बेटिङको प्रचारप्रसार गरेको भन्दै कलाकारलाई पक्राउ गरेर मुद्दा चलाएका थिए । केसी अहिले सीआईबी प्रमुख रहेकाले कानुन विपरीत बेटिङको प्रचारप्रसार गर्ने र खेलाउने विरुद्ध कसरी कारबाही अघि बढाउँछन् भन्ने चासोका साथ हेरिएको छ ।




यसबारे सीआईबी प्रमुख डा केसी भन्छन्, 'हाम्रो टोली फिल्डमै गएर अनुगमन गर्छ, गरिरहेकै छ । कानुन विपरीतका गतिविधि देखिए कारबाही गर्छ ।'

सीआईबीको टोली फिल्डमै गएर निगरानी

एनपीएलको पहिलो संस्करणमा बेटिङको प्रचारप्रसार गर्ने कारबाहीको दायरामा नआए पनि बेटिङ खेलाएको आरोपमा भने केही व्यक्तिलाई पक्राउ गरेर कारबाही गरिएको थियो । प्रहरीले त्यतिबेला एक दर्जन व्यक्ति पक्राउ परेका थिए । भारतीय नागरिक प्रतिक कुमार, सुमन घोष, अमित यादव, सुमन्त कुमार र ब्रजेश कुमारलगायत पक्राउ परेका थिए ।

उनीहरुले स्पोर्ट बाजी, प्रोबोलगायत अनलाइन बेटिङ एपबाट सट्टेबाजी खेलाएको खुलेको थियो । पक्राउ परेका उनीहरुलाई सट्टेबाजी खेलाउन नहुने कसुरमा अनुसन्धान गरेर मुद्दा चलाइयो । पछि सबैजसो सामान्य धरौटीमा छुटे ।

एनपीएलमा मुख्यगरी बेटिङ पनि टाउको दुखाईको विषय बन्दै आएको छ । भारतबाट बेटिङ खेलाउनका लागि एक महिनादेखि उनीहरु काठमाडौं आएको अनुसन्धानबाट खुलेको थियो ।

अघिल्लो वर्षजस्तै यो वर्ष पनि बेटिङ हुनसक्ने भन्दै प्रहरीले निगरानी अघि बढाएको छ । सीआईबीका एआईजी केसीले बेटिङका बारेमा सुक्ष्म ढंगले अनुसन्धान गरिरहेको बताउँछन् ।

फिल्डमै खटिएर सीआईबीको टोलीले बेटिङका बारेमा अनुगमन गरिरहेको उनले बताए । 'बेटिङ खेलाउनेलाई कारबाहीका लागि हामीले एउटा टोली नै बनाएर फिल्डमै खटाएका छौं । उनीहरुले यसबारेमा केही सूचना पाए कारबाही गर्छन्' एआईजी केसीले भने ।

सीआईबीका साथै प्रहरीका अन्य युनिटबाट पनि टोली परिचालन भएका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंबाट पनि सादा पोशाकका टोली परिचालन गरिएको छ । उनीहरुले पनि बेटिङ खेलाउनको अनुगमन गरेर कारबाही गर्ने बताइएको छ ।

प्रहरी निरीक्षक इन्स्पेक्टरको कमाण्डमा २० जनाको टोलीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले फिल्डमै खटाएको छ ।

यो टोलीमा प्राविधिक ज्ञान भएकाहरु प्रहरीहरु रहने अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता काजीकुमार आचार्य बताउँछन् । 'हाम्रो प्राविधिक ज्ञान भएको टोली छद्म रुपमा फिल्डमा खटिन्छ । केही संकास्पद गतिविधि देखिएमा नियन्त्रणमा लिएर अनुसन्धान गर्छौं' आचार्यले भने ।

प्रत्येक टिममा एक प्रहरी

बेटिङ तथा फिक्सिङ हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै आईसीसी, क्यानदेखि प्रहरीसम्मले कारबाही अघि बढाएको बताएका छन् । अन्तराष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) एन्टी करप्सन युनिट (एसीयु)को तर्फबाट पनि मनिटरिङ भइरहेको क्यानले बताएको छ ।

एसीयुमा नेपाल प्रहरीका पूर्वडीआईजी इश्वर बाबु कार्की छन् । कार्कीको टिमले आईसीसीको प्रोटोकलअनुसार मनिटरिङ गरिरहेको क्यानका प्रवक्ता छुम्बी लामा बताउँछन् ।

खेलाडीहरुदेखि हरेक टिम, म्यानेजमेन्ट तथा अफिसियललाई एसीयुले ब्रिफिङ गरेको छ । उनीहरुको गतिविधि मनिटरिङ गरिएको छ ।

एनपीएल खेल्ने आठ वटै टिममा एक जना प्रहरीको अफिसर समेत खटाइएको छ । ती प्रहरीले टिमभित्रको कुनै त्यस्तो संकास्पद गतिविधि भए निगरानी खबर गर्ने र थप कारबाहीको प्रक्रिया अघि बढ्ने बताइएको छ ।

१२२३ प्रहरी परिचालन, ४१ सीसीक्यामेराबाट मनिटरिङ

आजबाट सुरु हुने एनपीएल गत वर्षको भन्दा केही भिन्न छ । पहिलो पटक फ्लड लाइटमा रातिको समयमा एनपीएल हुने भएकाले रोमाञ्कतासँगै यसको सुरक्षा चुनौती पनि उत्तिकै छ । रंगशालाभित्रै हुने पाकेटमारदेखि टिमको समर्थन हुनसक्ने विवाद, झगडा र रंगशाला बाहिरका उच्छृंखल गतिविधिले सुरक्षा चुनौती थपिएको छ ।

एनपीएलमा हुनसक्ने सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै आइतबार मात्रै गृहमन्त्री ओमप्रकाश अर्यालले सुरक्षा चुस्त पार्न निर्देशन नै दिएका थिए । जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख (सीडीओ) इश्वरराज पौडेल र काठमाडौं प्रहरी प्रमुख रमेश थापासँग आइतबार सुरक्षाबारे ब्रिफिङ लिँदै मन्त्री अर्यालले यस्तो निर्देशन दिए ।

यता प्रहरीले पनि सम्पूर्ण चुनौतीहरुको सामान गर्न सुरक्षाको पूर्ण तयारी भएको बताएको छ । एनपीएलकै सुरक्षाका लागि डेडिकेटेड रुपमा १ हजार २२३ प्रहरी जनशक्ति खटाइने परिसरका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताउँछन् । यो टोलीले एनपीएल अवधिभर अर्थात २७ मंसिरसम्म सुरक्षा प्रदान गर्नेछ ।

सुरक्षाकै लागि त्रिवि क्रिकेट रंगशाला वरपर ४१ वटा सीसीक्यामेरा जडान समेत भइसकेको उनले बताए । उक्त सीसीक्यामेराबाट निगरानी गरेर उच्छृंखल गतिविधि गर्नेलाई कारबाही गर्ने बताइएको छ ।

रातको समयमा समेत एनपीएल हुने भएकाले प्रहरीले सीसी क्यामेरामार्फत पनि विशेष निगरानी गर्ने गरी सुरक्षा योजना बनाएको हो ।

रंगशालामा स्ट्याण्डबाई रुपमा प्रहरीका अन्य टोलीहरु पनि खटाइएको छ । स्क्वानिङ टोलीदेखि, बम डिस्पोजल टोली, वाटर क्यानन, एम्बुलेन्सलाई पनि स्ट्याण्डबाई राखिएको एसपी भट्टराईले बताए ।

'केही भई हालेमा स्ट्याण्डबाईको रुपमा एम्बुलेन्सदेखि बम डिस्पोजल टोलीसम्म राखिएको छ' एसपी भट्टराईले भने ।

यसअघि टिकट भएका व्यक्ति समेत मैदानको नजिकै गएर ठूलो भीड भएर हेर्ने गरेकाले टिकट नभएका व्यक्तिलाई यस पटक परै रोक्ने व्यवस्था गरिएको प्रहरीले बताएको छ ।





### मधेशमा प्रदेश सभा
## विघटन र प्रमुख शासन लागू गर्न माग




● टक नेपाल

मधेश प्रदेशमा सुशासन र सङ्घीयता व्यवस्थित गर्न माग गर्दै जनकपुरधामका स्वतन्त्र युवा समाजले प्रदेश सभा विघटन गरी प्रदेश प्रमुख शासन लागू गर्नुपर्ने मागसहित प्रदेश प्रमुखमार्फत राष्ट्रपतिलाई ज्ञापन पत्र बुझाएको छ।

समाजका सरोजकुमार मिश्रसहितको टोली जनकपुरधामस्थित प्रदेश प्रमुखको कार्यालयमा संविधानको धारा २३२ को उपधारा (३) अनुसार प्रदेश प्रमुख शासन लागू गर्नुका साथै प्रदेश सभा विघटन गरी स्वतन्त्र नागरिकस्तरको सरकार गठन गर्नुपर्ने माग राख्दै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई आइतबार ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमा गत भदौ २३ र २४ गते जेनजी पुस्ताले सञ्चालन गरेको आन्दोलनपछि पनि प्रदेशमा भ्रष्टाचार, राजनीतिक दलहरूबीचको खिचातानी र निर्वाचित सांसदहरूको आपसी नछुटा-छुटी बढ्दै गएको उल्लेख गरिएको छ।

यस्ता गतिविधिले प्रदेशका मन्त्रालयदेखि कार्यालयसम्मको समग्र सेवा-सुविधा अस्तव्यस्त भएको र राज्य सञ्चालक दल तथा जनप्रतिनिधिबाट राष्ट्रियता र सार्वभौमसत्तामा समेत नकारात्मक असर पर्ने निर्णयहरू भइरहेको युवाहरूको दाबी छ।

स्वतन्त्र युवाहरूले नेपालको संविधानअनुसार कम्तीमा छ महिनाका लागि प्रदेश मन्त्रिपरिषद् र प्रदेश सभालाई निलम्बन वा विघटन गरी अस्थायी रूपमा स्वतन्त्र नागरिक सरकार गठन गर्नुपर्ने माग राष्ट्रपतिसमक्ष राखिएको बताएका छन्।

ज्ञापनपत्र बुझाउँदै समाजका पदाधिकारीहरूले भन्नुभयो, “प्रदेशमा फैलिएको अराजकता अन्त्य गरी सुशासन कायम गर्न यो कदम अनिवार्य छ।”

### बङ्गलादेशकी
## पूर्वप्रधानमन्त्री हसिनालाई मृत्युदण्डको सजाय



● टक नेपाल

बङ्गलादेशको अदालतले पूर्वप्रधानमन्त्री शेख हसिनालाई मानवताविरुद्धको अपराधमा दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको छ।

बङ्गलादेशको अन्तर्राष्ट्रिय फौजदारी ट्राइब्युनल (आईसीटी) ले आज हसिनासहित उनको मन्त्रिपरिषद्का आन्तरिक मामिलामन्त्री असदुज्जमान खान कमल र तत्कालीन प्रहरी प्रमुख चौधरी अबुल्लाह अल-मामुनलाई गएको वर्षको घटनामा दोषी ठहर गरेको बीबीसीले जनाएको छ। भारतमा निर्वासनमा रहेकी हसिनाको अनुपस्थितिमै यो मुद्दा चलाइएको थियो।

गएको जुलाई-अगस्टमा भएको विद्यार्थी नेतृत्वको विरोध प्रदर्शनमा एक हजार चार सय जनाको ज्यान गएको संयुक्त राष्ट्रसङ्घले अनुमान गरेको छ जसमध्ये धेरैजसो सुरक्षा बलको गोलीबाट मारिएका थिए।यो प्रदर्शनमा हिंसात्मक दमनको आदेश दिन हसिना जिम्मेवार रहेको अदालतले ठहर गरेको छ। हसिनाले आफूविरुद्धका सबै आरोप अस्वीकार गर्दै आएकी छिन्।

यही प्रदर्शनका कारण हसिनाले सत्ता छाड्नुपरेको थियो र त्यसबेलादेखि उनी भारतमा निर्वासनमा बस्दै आएकी छिन्।

बङ्गलादेश टेलिभिजनले मुख्य न्यायाधीश गुलाम मुर्तजाको अध्यक्षतामा रहेको तीन सदस्यीय बेन्चबाट फैसला प्रत्यक्ष प्रसारण गरेको थियो। बेन्चका अन्य दुई सदस्यमा न्यायाधीश मोहम्मद सोफिउल आलम महमुद र न्यायाधीश मोहम्मद मोहितुल हक इनाम चौधरी रहनुभएको थियो।फैसलाअघि अदालत परिसर तथा वरिपरि उच्चस्तरीय सुरक्षा व्यवस्था मिलाइएको थियो।

आईसीटी ले पाँच वटा अभियोगमा अभियुक्तहरूलाई दोषी ठहर गरेको छ। जसमा ढाकामा प्रदर्शनकारीहरूको सामूहिक हत्या, भीडमाथि गोली चलाउन ड्रोन र हेलिकप्टर प्रयोग, विद्यार्थी कार्यकर्ता अबु सैयदको हत्या, आशुलियामा शव जलाएर प्रमाण नष्ट गर्ने र चन्खरपुलमा विद्यार्थीहरूको हत्या समावेश छन्।

मुद्दाको औपचारिक कागजात आठ हजार सात सय ४७ पृष्ठका रहेका छन् जसमा सन्दर्भहरू, जफत सामग्री तथा पीडितहरूको विस्तृत विवरण समावेश छ।

## लालबन्दीबाट ३८ केजी गाँजासहित एक जना पक्राउ

प्रहरीले सर्लाहीको लालबन्दीबाट सोमबार बिहान ठुलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ।

चुरेवर्ती क्षेत्रबाट लागुऔषध गाँजा ल्याइँदै गरेको सुराकी पाएपछि इलाका प्रहरी कार्यालय लालबन्दीका प्रमुख एवम् प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीको नेतृत्वमा आइतबार रातभर प्रहरी टोली तैनाथ भएको थियो। इन्स्पेक्टर जोहारी नेतृत्वको प्रहरी टोलीले सोमबार बिहान ५ बजेतिर लालबन्दी नगरपालिका-६, स्थित शिव मन्दिरबाट ३८ किलो ८९० ग्राम गाँजा बरामद गरेको हो।

उक्त गाँजा ओसारपसारमा संलग्न हरिवन नगरपालिका-१, पटौनाका ५५ वर्षीय बद्रीबहादुर श्रेष्ठसमेत पक्राउ परेका छन्। लखन्देही खोलाको भित्री बाटो हुँदै गाँजा ल्याइँदै गरेको सूचना पाएपछि प्रहरी टोली लालबन्दी ६ को शिव मन्दिर आसपासमा बाटो ढुकेर बसेको थियो।

भित्री बाटो हुँदै प्रदेश-२-०३००१ ह ३२८ नम्वरको अटो र ना ६० प ५५६ नम्बरको मोटरसाइकलबाट गाँजा बरामद भएको लालबन्दी प्रहरीका प्रमुख इन्स्पेक्टर जोहारीले जानकारी दिनुभयो। उहाँका अनुसार अटोबाट एक पोका र मोटरसाइकलबाट छ पोका गाँजा बरामद भएको हो।

पक्राउ परेका श्रेष्ठ अटोमा सवार थिए। मोटरसाइकलमा रहेका मानिस भने फरार भएका र उनीहरुको खोजी भइरहेको लालबन्दी प्रहरीले जनाएको छ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिबास-२, महोत्तरी
औषधी पसल
यहां सबै प्रकारका औषधी सुपथ मूल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ
२४ सं घण्टा इमर्जेन्सी सेवा
ICU,NICU,PICU सेवा
EndosocopyDiode Laser सेवा
विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
Laproscopy सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको समेत व्यवस्था भएको
247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014